AAYOG
TAYARI

# आयोग तयारी

# दिवस र नाराहरु

## २०८०/८१ परीक्षाको लागि




लेखन / सम्पादन
विष्णु प्रसाद गौतम




9821904957
aayogtayarinepal@gmail.com
www.aayogtayarinepal.com

# महत्वपूर्ण दिवस र नाराहरू

## स्वास्थ्य बीमा दिवस २०८०

**आठौं स्वास्थ्य बीमा दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० चैत्र २५**
- २०८० को नारा : **'तपाईको स्वास्थ्य हाम्रो अठोट : स्वास्थ्य सेवामा सर्वब्यापी पहुँच'**
- नेपालमा **२०७२ साल चैत २५** देखि स्वास्थ्य बीमा कार्यक्रम लागू भएको हो ।
- स्वास्थ्य बीमा कार्यक्रम ७७ वटै जिल्लाका ७ सय ५३ वटा पालिकामा विस्तार भएको छ ।
- **२०८० माघ १** गते देखि सरकारले १० प्रतिशत रकम बिरामी आफैंले तिर्नुपर्ने व्यवस्था लागू गरेको छ ।

## विश्व स्वास्थ्य दिवस २०२४

- **कहिले ? : २०२४ अप्रील ७**
- **सन २०२४ को नारा : 'My Health, my right´**
- **१९४८ अप्रील ७** मा विश्व स्वास्थय संगठनको स्थापना भएको दिनको सम्झनामा हरेक बर्षको अप्रील ७ मा यो दिवस मनाउने गरिन्छ
- सन **१९४९ देखि** यो दिवस मनाउन थालिएको हो

## विश्व अटिजम जागरुकता दिवस २०२४

- **कहिले ? : २०२४ अप्रील**
- २०२४ को नारा : **"Moving from Surviving to Thriving: Autistic Individuals share regional perspectives"**
- हरेक बर्षको अप्रील २ मा यो दिवस मनाउने गरिन्छ ।
- संयुक्त राष्ट्र संघको पहलमा सन २००७ बाट यो दिवस मनाइदै आइएको छ ।

## विश्व नेवाः दिवस २०८०

**सातौं विश्व नेवा दिवस २०८० मनाइएको छ ।**

Aayog Tayari

- कहिले ?: २०२४ मार्च ३०
- **वर्ल्ड नेवाः अर्गनाइजेशनको आह्वानमा मार्च महिनाको अन्तिम शनिबार** विश्व नेवाः दिवस मनाउने गरिन्छ ।
- यो दिवस सन २०१८ बाट मनाउन थालिएको हो ।

## विश्व जल दिवस २०२४

- **कहिले ?: २०२३ मार्च २२**
- हरेक वर्षको मार्च २२ मा विश्व जल दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा : 'Water for prosperity and peace'.**
- यो दिवस **सन् १९९३ देखि मनाउन थालिएको** हो

## विश्व क्षयरोग दिवस २०२४

- **कहिले ?: २०२४ मार्च २४**
- हरेक बर्षको मार्च २४ मा यो दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा : Yes! We can end TB!'**
- सन् **१९८२ मार्च २४ देखि यो दिवस मनाउन थालिएको** हो,
- सन् १८८२ मार्च २४ मा वैज्ञानिक रोबर्ट कोचले क्षयरोग लगाउने व्याक्टेरिया '**Mycobacterium tuberculosis**' पत्ता लगाएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ

## अन्तराष्ट्रिय खुसि दिवस २०२४

- कहिले ?: २०२४ मार्च २०
- हरेक बर्षको मार्च २० मा अन्तराष्ट्रिय खुसि दिवस मनाउने गरिन्छ
- **२०२४ को नारा : 'Happier Together'**
- **खुसि सूचकांक २०२४ मा नेपाल ९३ औं स्थानमा** रहेको छ
- पहिलोपटक मनाइएको : सन् २०१३ मा
- संयुक्त राष्ट्र संघको महासभाको १२ जुलाई २०१२ को प्रस्ताव ६६/२८१ ले २० मार्चलाई अन्तर्राष्ट्रिय खुशी दिवसको रूपमा घोषणा गरेको हो

AayogTayari

## विश्व उपभोक्ता अधिकार दिवस २०२४

- **कहिले ? : १५ मार्च २०२४**
- हरेक वर्ष मार्च १५ मा उपभेक्ता अधिकार दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा : 'Fair and responsible AI for consumers'**
- **सन् २०२३ को नारा** : 'Empowering Consumers Through Clean Energy Transitions.'
- विश्व उपभोक्ता अधिकार दिवस **पहिलोपटक सन् १९८३ मा मनाइएको** थियो

## ११४ औं अन्तराष्ट्रिय महिला दिवस २०२४

- कहिले ? : **२०२४ मार्च ८**
- **२०२४ को राष्ट्रिय नारा : महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी**
- **२०२४ को अन्तराष्ट्रिय नारा : Invest in women : accelerate progress**
- २०२३ को राष्ट्रिय नारा : 'लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार
- २०२३ को अन्तराष्ट्रिय नारा : "DigitALL: Innovation and technology for gender equality,"
- यो सर्वप्रथम् **१९०९ फेब्रुअरी २८** मा मनाइएको थियो । १९१० मा महिलाहरूलाई मत हाल्ने अधिकार सुनिस्चित गर्ने उद्देश्यको साथ यसलाई अन्तराष्ट्रिय मान्यता प्रदान गरिएको थियो ।
- संयुक्त राष्ट्रसङ्घले सन् १९७५ मा यो दिवस मनाउन थालेपछि यसले आधिकारिक मान्यता पायो। सन् १९९६ मा राष्ट्रसङ्घले "विगत मनाउँदै, भविष्यबारे योजना गर्दै" भन्ने विषयलाई आत्मसात् गऱ्यो।

### इतिहाँस

- सन् १९१७ मा भएको युद्धकालीन आन्दोलनमा रुसी महिलाहरूले "रोटी र शान्ति" को माग नगर्दासम्म यसले औपचारिकता पाएको थिएन।
- महिला आन्दोलनको चार दिनपछि तत्कालीन सम्राट पद त्यागन बाध्य भए र त्यहाँको अस्थायी सरकारले महिलालाई मतदानको अधिकार दियो।
- महिला आन्दोलन सुरु भएको मिति त्यतिबेलाको जुलीअन पात्रोअनुसार फेब्रुअरी २३ आइतवार थियो। यही मिति ग्रिगोरीअन पात्रोअनुसार मार्च ८ हो।
- त्यही दिनलाई आजसम्म महिला दिवसका रूपमा मनाइन्छ।

Aayog Tayari

## विश्व वन्यजन्तु दिवस २०२४

- **कहिले ?** : **२०२४ मार्च ३**
- **सन् २०२४ को नारा : "Connecting People and Planet: Exploring Digital Innovation in Wildlife Conservation"**
- यो दिवस सन् **२०१४ बाट मनाउन थालिएको** हो
- १९७३ मार्च ३ मा लोपुन्मुख जीवजन्तुको व्यापार सम्बन्धि अभिसन्धि (**The Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES)** जारी भएको दिनको सम्झनामा हरेक बर्षको मार्च ३ मा यो दिवस मनाउने गरिन्छ

## शुन्य भेदभाव दिवस २०२४

- **कहिले ?** : **२०२४ मार्च १**
- **सन् २०२४ को नारा : To protect everyone's health, protect everyone's rights**
- समावेशी, समानता र शान्तिको प्रवर्द्धन गर्न हरेक बर्षको मार्च १ मा यो दिवस मनाउने गरिन्छ
- यो दिवस सन् **२०१४ बाट मनाउन थालिएको** हो

## २६ औं स्वास्थ्य सेवा दिवस २०८०

- **कहिले ?** : **२०८० फागुन १५ गते**
- २०८० को नारा : **'दक्ष जनशक्ति गुणस्तरीय स्वास्थ्य सेवा - निरोगी नेपाल निर्माणमा हाम्रो टेवा"**
- बिक्रम सम्वत **२०५३ फागुन १५** गते स्वास्थ्य सेवा ऐनमा लालमोहर लागेको दिनको सम्झनामा हरेक बर्षको फागुन १५ मा स्वास्थ्य सेवा दिवस मनाउने गरिन्छ
- दिवसको अवसरमा एकलाख पुरस्कार राशिको **उत्कृष्ट स्वास्थ्य सेवा पुरस्कार : बबिता विष्ट**, सिनियर अनमी , दार्चुलालाई प्रदान गरिएको छ

## ४२ औं मगर एकता दिवस २०८०

- **कहिले ?** : **२०८० फागुन १५**
- २०३९ साल फागुन १५ गते स्वर्गीय हेमबहादुर पुनको अध्यक्षतामा तनहुँमा नेपाल लाङ्गाली परिवार सङ्गको प्रथम अधिवेशन भएको थियो।

AayogTayari

- त्यसैको सम्झनामा मगर सङ्घ र सम्बन्धित सङ्घ—संस्थाले एकता दिवसको रुपमा मनाउँदै आएका छन् ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा मगर समुदायको जनसङ्ख्या **२० लाख १३ हजार चार सय ९८** रहेको छ । \
- यो कुल जनसङ्ख्याको ६ **दशमलव ९ प्रतिशत** हो ।

## विश्व गैरसरकारी संस्था दिवस २०२४

- **कहिले ?:** २०२४ फेब्रुअरी २७
- हरेक बर्षको २७ फेब्रुअरीमा विश्व गैरसरकारी संस्था दिवस मनाउने गरिन्छ
- सन् २०२४ को नारा : **'Building a Sustainable Future: The Role of NGOs in Achieving the Sustainable Development Goals (SDGs)**
- यो दिवस सन् **२०१४ फेब्रअरी २७ मा पहिलोपटक मनाइएको** थियो,

## अन्तराष्ट्रिय मातृभाषा दिवस २०२४

- **कहिले ?:** २१ फेब्रुअरी २०२४
- हरेक बर्षको फेब्रुअरी २१ मा अन्तराष्ट्रिय मातृभाषा दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा :** **"Multilingual education is a pillar of intergenerational learning"**
- सन् २०२३ को नारा : Multilingual education—a necessity to transform education
- यो दिवस **सन् १९९९ देखि मनाउन थालिएको** हो

## निर्वाचन दिवस २०८०

- **कहिले ?:** २०८० फागुन ७
- २०८० को नारा : **'निर्वाचनको सफलता, निर्वाचन शिक्षाको व्यापकता÷**
- २०७९ को नारा : 'निर्वाचनमा सबै सधैं सँगै÷
- नेपालमा पहिलो पटक २०१५ साल फागुन ७ गते आम निर्वाचन भएको थियो ।
- पहिलो निर्वाचन दिवस २०७३ **फागुन** ७ मा मनाइएको थियो,

## विश्व रेडियो दिवस २०२४

Aayog Tayari

- **कहिले ?:** **२०२४ फेब्रुअरी १३ (१ फागुन २०८०)**
- **सन् २०२४ को नारा :** **"Radio: A century informing, entertaining and educating"**
- सन् २०२३ को नारा : रेडियो र शान्ति (Radio and Peace)
- यो दिवसलाई सन् २०१२ मा संयुक्त राष्ट्रसंघको महासभाले अन्तर्राष्ट्रिय दिवसको रूपमा स्वीकार गरेपछि प्रत्येक वर्षको फेब्रुअरी १३ मा मनाइँदै आएको छ ।
- नेपालमा औपचारिक रुपमा २००७ साल चैत्र २० गतेदेखि प्रजातन्त्र रेडियोका नाममा रेडियो सञ्चालन सुरु भएको हो ।

## विश्व क्यान्सर दिवस २०२४

- **कहिले ?:** **२०२४ फेब्रुअरी ४** (२०८० माघ २१)
- नारा :
  - **राष्ट्रिय : बढ्दैछ चुनौती क्यान्सरको, पहुँच बढाऔं स्याहारको**
  - **अन्तराष्ट्रिय : "Together, we challenge those in power"**
- सन् २००० देखि हरेक बर्षको फेब्रुअरी ४ मा क्यान्सर रोग विरुद्ध सचेतना जगाउने उद्देश्यले विश्व क्यान्सर दिवस मनाउने गरिन्छ

## विश्व सिमसार दिवस २०२४

- **कहिले ?:** ०२ फेब्रुअरी २०२४ (१९ माघ २०८०)
- हरेक बर्षको फेब्रुअरी २ गते विश्व सिमसार दिवस मनाइन्छ
- **२०२४ को नारा :** **Wetlands and human wellbeing.**
- २०२३ को नारा : "It's Time for Wetlands Restoration"
- यो दिवस सन् १९९७ देखि मनाउदै आइएको छ ,
- संयुक्त राष्ट्र संघले सिमसार सबन्धि यो दिवसलाई ३० अगस्त २०२१ मा मान्यता दिएको थियो ,

नेपालमा विश्व सिमसार सूचीमा नेपालका १० वटा सिमसार दर्ता भएका छन् । कैलालीको घोडाघोडी ताल, रारा ताल, कोशीटप्पु वन्यजन्तु आरक्ष, बीसहजारी ताल, जगदीशपुर ताल, से फोक्सुन्डो ताल, माइपोखरी अनि कास्कीका नौ वटै ताल सिमसार क्षेत्र मा सुचिकृत छन् ।

## शहिद दिवस २०८०

Aayog Tayari

- **कहिले ?: २०८० माघ १६**
- शहिद सप्ताह : हरेक बर्ष माघ १०- माघ १६
- **मनाउन थालिएको : वि.स. २०१२ साल देखि** (काठमाडौं नगरपालिकाको संयोजकत्वमा)

**कुन सहिदलाई कहिले मृत्युदण्ड ?**

- **शुक्रराज शास्त्री : वि.स. १९९७ माघ १० (टेकुस्थित पचलीमा)**
- **धर्मभक्त माथेमा : वि.स. १९९७ माघ १३ (सिफलमा)**
- **गंगालाल श्रेष्ठ र दशरथ चन्द : वि.स. १९९७ माघ १५ (शोभाभगवतीमा)**

## राष्ट्रिय नर्सिङ्ग दिवस २०८०

- **कहिले ?: २०८० माघ १५**
- हरेक बर्षको माघ १५ मा राष्ट्रिय नर्सिङ्ग दिवस मनाउने गरिन्छ
- विस २०१८ सालमा नेपाल नर्सिङ सङ्घको स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष माघ १५ गते नेपालमा राष्ट्रिय नर्सिङ दिवस मनाउँदै आइएको छ ।
- त्यस्तै सन् १९७४ देखि **मे १२ मा अन्तराष्ट्रिय *नर्सिङ्ग* दिवस** मनाइन्छ

## विश्व कुष्ठरोग दिवस २०२४

**७१ औं विश्व कुष्ठरोग दिवस मनाइएको छ**

- कहिले ?: २८ जनवरी २०२४
- हरेक वर्षको **जनवरी महिनाको अन्तिम आइतबार** कुष्ठरोग दिवस मनाइन्छ ।
- **राष्ट्रिय नारा : 'कुष्ठरोगसम्बन्धी गलत धारणाको अन्त्य गरौं, मर्यादित व्यवहार गरौं÷**
- अन्तराष्ट्रिय नारा : **"Beat Leprosy"**
- झापा, मोरङ, सिराहा, धनुषा, महोत्तरी, सर्लाही , रौतहट, बारा, पर्सा, परासी, रूपन्देही, बाँके, बर्दिया, कैलाली , कञ्चनपुर र अछाममा कुष्ठरोगका बिरामी छन् ।
- नेपालका १६ जिल्लामा कुष्टरोग निवारण हुन बाँकी छ ।
- आर्थिक वर्ष २०७८/७९को मा कुष्ठरोगका नयाँ बिरामीको संख्या २ हजार २ सय ८५ रहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

Aayog Tayari

- कुष्ठरोगविरूद्ध जनचेतना फैलाउने उद्देश्यले सन् १९५४ देखि यो दिवस विश्वभर मनाउन थालिएको हो ।
- वि.स. **२०६६ सालमा नेपालमा कुष्ठरोग निवारण भएको घोषणा** गरिएको थियो

## अन्तराष्ट्रिय भन्सार दिवस २०२४

**७२ औं अन्तराष्ट्रिय भन्सार दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: २६ जनवरी २०२४**
- विश्व भन्सार संगठनको निर्णयअनुसार हरेक वर्षको जनवरी २६ का दिन अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउन थालिएको हो ।
- **सन् २०२४ को नारा : 'Customs Engaging Traditional and New Partners with Purpose'**
- सन् २०२३ को नारा : "Nurturing the Next Generation: Promoting a Culture of Knowledge-sharing and Professional Pride in Customs"
- **विश्व भन्सार संगठनको स्थापना २६ जनवरी १९५३ मा** भएको थियो
- विश्व भन्सार संगठनको प्रधान कार्यालय **बेल्जियमको ब्रसेल्समा** रहेको छ

## राष्ट्रिय योग दिवस २०८०

- **कहिले ?: २०८० माघ १**
- **२०८० को नारा : "गरौं योग, रहौं निरोग"**
- राष्ट्रिय योग दिवस **२०७२ साल देखि** मनाउदै आइएको छ
- विसं २०७२ साउन २८ को मन्त्रीपरिषद् बैठकले माघ १ गतेका दिन राष्ट्रिय योग दिवस मनाउने निर्णय गरेको थियो ।
- सन् २०१४ मा संयुक्त राष्ट्रसङ्घ महासभाले **जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवस** मनाउने घोषणा गरेको हो ।

## राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०८०

- **कहिले ?: २०८० माघ २**
- **२०८० को नारा : 'स्थानीय स्रोत र प्रविधि समेतको प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं÷**
- **२०७९ को नारा : 'भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार÷**

Aayog Tayari

- विसं १९९० माघ २ गते दिउँसो २ बजेर २४ मिनेटमा गएको भूकम्पको सम्झनामा यो दिवस मनाउने गरिन्छ
- २०५५ सालदेखि माघ २ गतेलाई राष्ट्रिय भूकम्प सुरक्षा दिवसका रुपमा मनाउन थालिएको हो ।

**नेपालका मुख्य २ भूकम्प**

- **१९९० माघ २ :**
  - म्याग्निच्युट : ८.४ रेक्टर स्केल
  - केन्द्रविन्दु : संखुवासभाको चैनपुर
  - मानवीय क्षति : आठ हजार ५ सय १९ जनाको मृत्यु भएको
- **२०७२ बैशाख १२ :**
  - म्याग्निच्युट : ७.८ रेक्टर स्केल
  - केन्द्रविन्दु : गोरखाको बारपाक
  - मानवीय क्षति : ८ हजार ६ सय ३३ जनाको मृत्यु

## राष्ट्रिय कृषि जैविक विविधता दिवस २०८०

- **कहिले ? : २०८० माघ १**
- **२०८० को नारा : 'कृषि जैविक विविधता, हाम्रो अमूल्य सम्पदास संरक्षण एवं दिगो उपयोग, हाम्रो प्रतिबद्धता÷**
- **२०७९ को नारा : 'जीवन तथा वातावरणका लागि कृषि जैविक विविधता÷**
- सरकारले बजेट वक्तव्यमार्फत **विसं २०७९ लाई समेत राष्ट्रिय कृषि जैविक विविधता वर्ष घोषणा** गरी विभिन्न कार्यक्रम गर्दै आएको छ,
- २०७९ माघ १ देखि राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउन थालिएको हो ,
- माघ १ देखि माघ ७ सम्म राष्ट्रिय जैविक विविधता सप्ताह मनाइएको छ,

## राष्ट्रिय भक्का दिवस २०८०

**सातौं राष्ट्रिय भक्का दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० पुष २९ गते**

Aayogtayari

- **दिवस मनाउने मुख्य समुदाय : कोच राजवंशी समुदाय**
- **मुख्य रुपमा मनाइने भौगोलिक क्षेत्र : पूर्वी तराई**
- **भक्का के हो ? : चामलको पिठो (खासगरी कनिका) बाट बन्ने परिकार**
- कोच राजवंशी समुदायका महिलाले लगाउने पहिरनलाई **पेटानी** भनिन्छ
- पछिल्लो समय कोच राजवंशी समुदायसँगै अन्य समुदायले पनि रुचाएपछि भक्का खाने प्रचलन बढेको छ ।

## पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस २०८०

**३०२ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० पुष २७**
- हरेक बर्षको पुष २७ गते पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउने गरिन्छ
- **सरकारले पृथ्वी जयन्तीका अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको : २०७९ पुष २५**

**पृथ्वीनारायण शाहबारे जानकारी :**

- जन्म : १७७९ पुष २७
- राज्यारोहण : १७९९ चैत्र २५
- मृत्यु : १८३१ माघ १
- आमा : कौशल्यावती
- पिता नरभूपाल शाह
- २२ से र २४ राज्यलाई एकीकरण गरि विशाल नेपाल निर्माणमा खेलेको भूमिकाको सम्झनामा पृथ्वी नारायण शाहको जन्मदिन पुष २७ गते राष्ट्रिय एकता दिवसको रुपमा मनाउन थालिएको छ

## १० औं टोपी दिवस

**१० औं राष्ट्रिय पोसाक तथा टोपी दिवस मनाइएको छ**

- **कहिले ? : २०८० पुष १६ (१ जनवरी २०२४)**
- हरेक बर्षको अंग्रेजी नयाँ बर्षको दिन राष्ट्रिय टोपी दिवस मनाउने गरिन्छ
- **पहिलो टोपी दिवस : सन् १०१५ जनवरी १ मा मनाइएको थियो,**

Aayog Tayari

- ऐतिहाँसिक पृष्ठभूमि : जङ्गबहादुर राणाकी बहिनी डम्बरकुमारीले आफ्ना दाजुलाई खुशी पार्न पहिलो पटक टोपी बनाएर उपहार दिएको संस्कृतविद्को भनाइ छ
- यो दिवस सरकारी तवरमा नभई स्वतःस्फुर्त रुपमा सन् २०१५ देखि मनाउन थालिएको हो

## तथ्यांक दिवस २०८०

**राष्ट्रिय तथ्यांक दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० पुष १७**
- हरेक बर्षको पुष १७ मा तथ्यांक दिवस मनाउने गरिन्छ
- **२०१५ पुष १७ मा** नेपालको प्रमुख तथ्यांकीय निकायको रुपमा **केन्द्रिय तथ्यांक विभाग** (हाल राष्ट्रिय तथ्यांक कार्यालय) स्थापना भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ

## ११ औं पोल्ट्री दिवस २०८०

**११ औं पोल्ट्री दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० पुष १७**
- **२०७० साल देखि** हरेक बर्षको पुष १७ मा पोल्ट्री दिवस मनाउने गरिन्छ
- **२०८० को नारा : 'कुखुराको अण्डा र मासुको परिकार, स्वस्थ जीवनको आधार÷**
- विसं २०१७ पुस १७ गते बाराको परवानीपुर सेन्ट्रल ह्याचरीको शुभारम्भपछि नेपालमा आधुनिक पोल्ट्रीको सुरुआत मानिँदै आएको छ ।
- यही मितिलाई पोल्ट्री दिवसका रुपमा मनाउँदै आइएको छ ।

## २० औं ज्यापु दिवस

**२० औं ज्यापु दिवस मनाइएको छ**

- कहिले ? : २०८० पुष १०
- बर्सेनि **मङ्सिर शुक्ल पूर्णिमा (धान्यपूर्णिमा/योमरि पूर्णिमा)को दिन** ज्यापु दिवस मनाउने गरिन्छ
- यो दिवस **वि.स. २०६० साल देखि मनाइदै** आइएको छ

Aayog Tayari

- काठमाडौंको प्राचीन ३२ गू टोल (वर्तमान ६३ गू टोल)का ज्यापु जातिले सुरु गरेको ज्यापु दिवस अहिले राष्ट्रिय ज्यापु दिवसको रूपमा देशैभरिका ज्यापुहरूको संयुक्त दिवसको रूपमा मनाउँदै आइरहेको छ ।

## राष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०८०

**तेस्रो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० पुष ११**
- यो दिवस **२०७८ साल देखि मनाउन थालिएको** हो
- **वि.स. २०८० को नारा : ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान**
-
- विसं **२०५१ साल पुस ११ गतेदेखि** ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न शुरु गरिएकाे हाे ।
- २०५१ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वको सरकारले **७५ वर्ष उमेर पुगेका** वृद्धवृद्धालाई प्रतिमहिना १ सय रूपैयाँ सामाजिक सुरक्षा भत्ता दिन शुरू गरेको थियो ।
- एक एकसय रुपैयाँबाट शुरु भएको मासिक भत्ता सरकारले **अहिले ४ हजार रुपैयाँ** पुर्‍याएको छ ।

## अन्तराष्ट्रिय आप्रवासी श्रमिक दिवस २०२३

- **कहिले ?** ः **१८ डिसेम्बर २०२३ (२०८० पुष २ गते)**
- **नारा :**

  **राष्ट्रिय** ः **आप्रवासीको योगदानको कदर र अधिकारको सम्मान**

  सन् १९९० मा संयुक्त राष्ट्रसंघले आप्रवासी कामदार र तिनका परिवारको सदस्यको अधिकार संरक्षणसम्बन्धी महासन्धि पारित गरेको दिनको स्मरण गर्दै राष्ट्रसघंले **सन् २००० देखि डिसेम्बर १८ लाई विश्वभर अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका रुपमा मनाउने निर्णय** गरेको थियो ।
- नेपालको कुल ग्राहर्स्थ उत्पादनमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको योगदान औसत २५ प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०६५÷६६ देखि २०७८÷७९ सम्म झण्डै ६० लाखले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएका छन् ।
- वैदेशिक रोजगार बोर्डका अनुसार आर्थिक वर्ष २०७८÷७९ सम्म वैदेशिक रोजगारीको क्रममा १० हजार ९ सय ३२ जनाको रोजगारीकै क्रममा ज्यान गएको छ
- दुई हजार १ सय २५ जना गम्भीर बिरामी तथा अंगभंग भएर भएर स्वदेश फर्किएका छन् ।

Aayog Tayari

## राष्ट्रिय झण्डा दिवस २०८०

**पाँचौं राष्ट्रिय झण्डा दिवस २०७९ मनाइएको छ**

- कहिले ? : **२०८० पुष १**
- ०७५ सालदेखि **हरेक वर्षको पुस १ गते** यो दिवस मनाउदै आइएको छ
- १९६२ डिसेम्बर १६ अर्थात **२०१९ साल पौष १ गतेको दिन संयुक्त राष्ट्रसंघमा नेपालको राष्ट्रिय झण्डालाई विश्वव्यापी रूपमा अंगीकृत गरेको दिनको स्मरणमा** राष्ट्रिय झण्डा दिवस मनाउने गरिन्छ
- यो दिवस नागरिक स्तरमा मनाउने गरिएपनि सरकारी स्तरमा हालसम्म मनाइएको छैन

## अन्तराष्ट्रिय पर्वत दिवस २०२३

**अन्तर्राष्ट्रिय पर्वत दिवस २०२३ मनाइएको छ**

- कहिले ? : **२०२३ डिसेम्बर ११**
- हरेक बर्षको डिसेम्बर ११ मा यो दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : **"Restoring Mountain Ecosystems"**
- संयुक्त राष्ट्र संघले **सन् २०२१ देखि सन् २०३० सम्मको अवधिलाई Ecosystem Restoration दशक** घोषणा गरेको छ
- संयुक्त राष्ट्र संघको जैविक विविधता सम्मेलन २०२२ ले सन् **२०३० सम्म पृथ्वीको ३० % जमिन र पानि संरक्षण गर्ने लक्ष्य** राखेको छ

## ३९ औं सार्क चार्टर डे २०२३

**३९ औं सार्क चार्टर डे (सार्क वडापत्र दिवस) २०२३ मनाइएको छ**

- कहिले ? : **२०२३ डिसेम्बर ८ (२०८० मंसिर २२)**
- **सन् १९८५ डिसेम्बर ८** मा सार्क वडापत्रमा हस्ताक्षर भएको थियो,
- बडापत्रमा हस्ताक्षर भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ

**सार्कको हालको अवस्था :**

- हाल सदस्य : **८ देश**
- हाल महासचिव : **मोहम्मद गुलाम सरवर (बंगलादेश)**
- हालसम्म सम्मेलन : **१८**

Aayog Tayari

- **१८ औं सम्मेलन : २०१४ नोभेम्बर २६ देखि २७ (वि.सं २०७१ मंसिर १० र ११)**
- १९ औं सम्मेलन : पाकिस्तानमा आयोजना गर्ने भनिए पनि भारत र पाकिस्तान सहमत हुन् नसक्दा आयोजाना हुन् नसकेको
- **सार्कको स्थापना : १९८५ डिसेम्बर ८**

## अन्तराष्ट्रिय मानवअधिकार दिवस २०२३

**७५ औं अन्तराष्ट्रिय मानवअधिकार दिवस २०२३ मनाइएको छ**

- कहिले ? : **१० डिसेम्बर २०२३**
- २०२३ को नारा :
  - अन्तराष्ट्रिय : **"Freedom, Equality and Justice for All"**
  - राष्ट्रिय : **'स्वाभिमान, स्वतन्त्रता र सबैका लागि न्याय÷**
- **१९४८ डिसेम्बर १० मा मानवअधिकार सम्बन्धि विश्वव्यापी घोषणापत्र जारी भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ**

## अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस २०२३

**पाँचौं अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : ८ डिसेम्बर २०२३**
- हरेक बर्षको डिसेम्बर ८ मा अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइन्छ
- सन् २०२३ को नारा :
  - **राष्ट्रिय : 'यौन हिंसा र बालविवाह अन्त्यको लागि मर्यादित महिनावारी÷**
  - अन्तराष्ट्रिय : *Making menstruation a normal fact of life by 2030*
- **सन् २०१९ बाट** यो दिवस मनाउन थालिएको हो

## अन्तराष्ट्रिय नागरिक उड्डयन दिवस २०२३

**अन्तराष्ट्रिय नागरिक उड्डयन दिवस २०२३ मनाइएको छ**

- कहिले ? : **७ डिसेम्बर २०२३**
- हरेक बर्सको डिसेम्बर ७ मा अन्तराष्ट्रिय नागरिक उड्डयन दिवस मनाइन्छ
- **सन् २०२३ को नारा : Advancing Innovation for Global Aviation Development**
- यो दिवस **पहिलोपल्ट सन् १९९४ मा मनाइएको** हो ,

Aayogtayari

## अन्तराष्ट्रिय अपाङ्ग दिवस २०२३

**अपाङ्गता भएका व्यक्तिको ३२ औं अन्तर्राष्ट्रिय दिवस मनाइएको छ**

- कहिले ? : **२०२३ डिसेम्बर ३**
- २०२३ को नारा :
  - राष्ट्रिय नारा : **'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धता; अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्व सहितको ऐक्यबद्धता÷**
  - अन्तराष्ट्रिय : **"United in action to rescue and achieve the SDGs for, with and by persons with disabilities"**
- **सन १९९२ देखि** संयुक्त राष्ट्रसङ्घको आह्वानमा हरेक वर्ष ३ डिसेम्बरका दिन यो दिवस मनाउन थालिएको हो।

## विश्व एड्स दिवस २०२३

**३६ औं विश्व एड्स दिवस २०२३ मनाइएको छ**

- कहिले ? :**१ डिसेम्बर २०२३**
- नारा
  - राष्ट्रिय नारा : **'समुदायको नेतृत्वमा एड्सको अन्त्य÷**
  - अन्तराष्ट्रिय नारा : **Let communities lead**
- **यो दिवस सन् १९८८ देखि हरेक बर्ष मनाइदै आइएको छ ,**
- AIDS , HIV नामक भाइरसले लाग्ने प्राणघातक रोग हो !
- योपहिलोपल्ट **सन् १९८१ मा अमेरिकामा**पत्ता लागेको थियो ,
- **नेपालमा HIV को पहिलो संक्रमण सन् १९८८ मा पुष्टि भएको**थियो !

## छैठौं सामाजिक सुरक्षा दिवस २०८०

**छैठौं सामाजिक सुरक्षा दिवस २०८० मनाइएको छ**

- कहिले ? : **२०८० मङ्सिर ११**
- **२०७५ मङ्सिर ११ गते सामाजिक सुरक्षा कार्यक्रमको शुभारम्भ** गरिएको थियो ,
- २०७५ मङ्सिर ३ को मन्त्रिपरिषद बैठकले यो कार्यक्रम र दिवसको निर्णय गरेको थियो
- कार्यक्रमको नारा : असल श्रम सम्बन्धको आधार, सामाजिक सुरक्षा र रोजगार
- सोही दिनदेखि मङ्सिर ११ गतेलाई सामाजिक सुरक्षा दिवसको रुपमा मनाइदै आइएको छ

Aayog Tayari

- सामाजिक सुरक्षालाई सामाजिक सुरक्षा कोषले व्यवस्थापन गर्ने गर्दछ
- २०६७ चैत्र ६ गते सामाजिक सुरक्षा कोषको स्थापना भएको हो,

## महिला हिंसा विरुद्धको १६ दिने अभियान २०२३

**यो बर्षको लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सुरु भएको छ !**

- **अभियान अवधि : २५ नोभेम्बर - १० डिसेम्बर २०२३** (९-२४ मङ्सिर २०८०)
- **नारा :**
  - **राष्ट्रिय : 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितता : महिला र बालबालिकामा लगानीको एक्यबद्धता'**
  - **अन्तराष्ट्रीय : 'Unite ! Activism to end violance against women and girls '**
- महिला हिंसा विरुद्धको दिवस (२५ नोभेम्बर) देखि अन्तराष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०) सम्मको १६ दिनको अवधिमा यो अभियान विश्वभर मनाउने गरिन्छ
- Women's Global Leadership Institute को अगुवाईमा सन् १९९१ देखि यो अभियान सुरु भएको हो
- नेपालमा वि.स. २०५४ सालदेखि यो अभियान संचालन गर्दै आइएको छ
- नेपाल सरकारको २०७५ मङ्सिर २ गते **हरेक बर्षको मङ्सिर ९ गतेलाई महिला हिंसा विरुद्धको अभियान दिवसका रुपमा मनाउने निर्णय** गरिएको थियो ,
- त्यस्तै सरकारको २०७६ जेठ ६ गतेको निर्णय अनुसार **२०७६ साललाई लैंगिक हिंसा विरुद्धको अभियान बर्षका रुपमा मनाइएको** थियो

## महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवस २०२३

**महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवस मनाइएको छ**

- **कहिले ? : २०२३ नोभेम्बर २५**
- हरेक बर्षको नोभेम्बर २५ मा यो दिवस मानाउने गरिन्छ
- **सन् २०२३ को नारा : "Investing to prevent violence against women and girls"**
- **सन् २००७ बाट** यो दिवस मनाउदै आइएको छ
- UN ले सन् १९९३ डिसेम्बर २० मा महिला हिंशा विरुद्धको अभिसन्धि पारित परेको थियो

## नवौं उद्योग दिवस २०८०

**नवौं उद्योग दिवस २०८० मनाइएको छ**

AayogTayari

- कहिले ? : २०८० मङ्सिर ९
- २०८० को नारा : "स्वदेशी उत्पादन अभियानः उद्यमीको सम्मान"
- वि.सं.२०७२ सालदेखि हरेक वर्षको मंसिर ९ गते सरकारले उद्योग दिवस मनाउँदै आएको छ ।
- वि स १९९२ मङ्सिर ९ मा उद्योग परिषदको स्थापना भएको दिनको सम्झनामा हरेक बर्षको मङ्सिर ९ मा यो दिवस मनाउने गरिन्छ
- नेपालको पहिलो उद्योग विराटनगर जुट मिल (वि स १९९३ ) हो

## विश्व शौचालय दिवस २०२३

सन् २०२३ को विश्व शौचालय दिवस मनाइएको छ

- कहिले ? : २०२३ नोभेम्बर १९
- सन् २०२३ को नारा : Accelerating Change
- हरेक बर्षको नोभेम्बर १९ मा विश्व शौचालय दिवस मनाइन्छ
- सन् २००१ मा World Toilet Organisation नामक गैरसरकारी संस्थाले यसको सुरुवात गरेको हो ,
- सन् २०१० बाट संयुक्त राष्ट्र संघले समेत यो दिवस लाई मनाउन प्रवर्द्धन गरिरहेको छ

## अन्तराष्ट्रिय बालदिवस २०२३

- कहिले ? :२० नोभेम्बर २०२३
- सन् २०२३ को नारा : For every child, every right
- यो दिवस सन् १९५४ बाट संयुक्त राष्ट्र संघीय दिवसको मान्यता प्राप्त गरेको थियो , सुरुवातमा यो दिवस १४ डिसेम्बरमा मनाउने गरिन्थ्यो ,
- सन् १९९० देखि यो दिवस २० नोभेम्बर मा मनाउन थालिएको हो,
- सन् १९५९ नोभेम्बर २० मा बाल अधिकार घोषणापत्र जारि भएको दिनको सम्झना गर्न २० नोभेम्बरको दिनमा यो दिवस मनाउने गरिन्छ

## १९ औं राष्ट्रिय कफी दिवस २०८०

१९ औं राष्ट्रिय कफी दिवस २०८० मनाइएको छ !

- कहिले ? : २०८० मङ्सिर १ गते

Aayog Tayari

- **२०८० को नारा : कफी क्षेत्रको पर्वर्द्धन र संरक्षण, दिगो उत्पादनमा महिला र पुरुष**
- **वि स २०६२ देखि** हरेक बर्षको मङ्सिर १ गते राष्ट्रिय कफी दिवस मनाउने गरिन्छ
- वि.सं. १९९५ सालमा हिरा गिरीले बर्माबाट ल्याएको कफीको वीउ गुल्मीको आँपचौरमा रोपण गरे पछि नेपालमा कफी खेती सुरूवात भएको मानिन्छ ।
- कुल उत्पादनको २५ प्रतिशत कफी निर्यात हुँदै आएको छ।
- विश्वमा कफी खेतीको सुरुवात इथियोपिया बाट भएको हो । इथियोपियालाई विश्वको कफीको घर भनेर पनि चिनिन्छ
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत कफी सुपर जोन घोषणा भएका जिल्ला : गुल्मी, अर्घाखाँची, प्युठान, पाल्पा र स्याङ्जा
- नेपालको कफी सर्वप्रथम निर्यात गरिएको देश नेदरल्यान्ड (आ.व. २०५२/५३) हो ।

## कर दिवस २०८०

१२ औं कर दिवस २०८० मनाइएको छ

- कहिले ? : **२०८० मङ्सिर १**
- दिवसको नारा **“स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन : सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन÷’** तय गरिएको थियो
- **२०५४ साल मंसिर १ गतेदेखि मूल्य अभिवृद्धि कर भ्याट लागू** भएपछि आर्थिक वर्ष २०६९/२०७० देखि राष्ट्रिय कर दिवस मनाउन लागिएको हो।
- सरकारले २०७८ साललाई **कर प्रणाली सुधार बर्षका** रुपमा मनाएको थियो

## विश्व मधुमेह दिवस २०२३

**विश्व मधुमेह दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : November 14**
- हरेक बर्षको नोभेम्बर १४ मा विश्व मधुमेह दिवस मनाइन्छ
- **सन् २०२३ को नारा : मधुमेह हेरचाहमा पहुँच (“Access to diabetes care”)**
- विश्व मधुमेह दिवस (World Diabetes Day) लाइ सन् २००६ बाट राष्ट्र संघको आधिकारिक दिवसका रपमा मनाइदै आइएको छ

## विश्व स्वतन्त्रता दिवस २०२३

**विश्व स्वतन्त्रता दिवस २०२३ मनाइएको छ**



AayogTayari

- कहिले ? : 9 November 2023
- हरेक बर्षको ९ नोभेम्बरमा विश्व स्वतन्त्रता दिवस मनाइन्छ
- सन् १९८९ नोभेम्बर ९ मा बर्लिनमा भएको **Berlin Wall Falls घटनाको** सम्झनाको यो दिवस मनाउने गरिन्छ

## विश्व शहर दिवस २०२३

**विश्व शहर दिवस (World Cities Day) २०२३ मनाइएको छ**

- **कहिले ? : २०२३ अक्टोबर ३१**
- हरेक बर्षको अक्टोबर ३१ मा विश्व शहर दिवस मनाउने गरिन्छ
- **सन् २०२३ को नारा : "Financing sustainable urban future for all"**
- **सन् २०१४ बाट** यो दिवस मनाउन थालिएको हो

## संयुक्त राष्ट्र संघ दिवस २०२३

**संयुक्त राष्ट्र संघ दिवस (UN Day) २०२३ मनाइएको छ**

- कहिले ? : **२०२३ अक्टोबर २४**
- सन् २०२३ को नारा : **"Equality, Freedom, and Justice for All"**
- **सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्र संघको स्थापना** भएको दिनलाई UN Day को रुपमा मनाउने गरिन्छ
- नेपाल सन् **१९५५ डिसेम्बर १४** मा संयुक्त राष्ट्र संघको सदस्य भएको थियो

## विश्व दृष्टि दिवस २०२३

**विश्व दृष्टि दिवस (World Sight Day) २०२३ मनाइएको छ**

- कहिले ? : **१३ अक्टोबर २०२३**
- सन् २०२३ को नारा : **"Love your eyes at work"**, (कार्यस्थलमा आँखालाई माया गरौं )
- **सन् १९९८ मा पहिलो दृष्टि दिवस मनाइएको** थियो

## विश्व खाद्य दिवस २०२३

**४३ औं विश्व खाद्य दिवस २०२३ मनाइएको छ**

Aayog Tayari

- **कहिले ? : २०२३ अक्टोबर १६**
- हरेक बर्षको अक्टोबर १६ मा विश्व खाद्य दिवस मनाइन्छ
- **२०२३ को नारा : *'water is life, water is food. Leave no one behind'***
- सन् १९४५ अक्टोबर १६ मा Food and Agriculture Organization (FAO) को स्थापना भएको दिनको सम्झनामा हरेक बर्षको अक्टोबर १६ मा यो दिवस मनाउने गरिन्छ
- **विश्व भोकमरी सूचकांक २०२३ मा नेपाल ६९ औं स्थानमा** रहेको छ

## विश्व हात धुने दिवस २०२३

**विश्व हात धुने दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : १५ अक्टोबर २०२३**
- हरेक बर्षको अक्टोबर १५ मा यो दिवस मनाउने गरिन्छ
- **२०२३ को नारा : “Clean hands are within reach,”**
- **सन् २००८ अक्टोबर १५ तारिखदेखि नेपालमा यो दिवस मनाउन थालिएको** हो ,

## विश्व हुलाक दिवस २०२३

**१४९ औं विश्व हुलाक दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : २०२३ अक्टोबर ९**
- **सन् २०२३ को नारा : Together for trust: Collaborating for a safe and connected future**
- **सन् १८७४ अक्टोबर ९ मा विश्व हुलाक संघको स्थापना** भएको दिन पारेर ९ अक्टोबर मा यो दिवस मनाइन्छ
- पहिलो विश्व हुलाक दिवस सन् १८७५ मा मनाइएको थियो
- **नेपालले विश्व हुलाक संघको सदस्यता सन् १९५६ मा लिएको** थियो

## विश्व मुस्कान दिवस २०२३

**विश्व मुस्कान दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : २०२३ अक्टोबर ६**
- **सन् २०२३ को नारा : "Radiate Joy"**
- सन् १९९९ बाट **अक्टोबर महिनाको पहिलो शुक्रबार** यो दिवस मनाउन थालिएको हो ,
- स्माइली फेसको पहिलोपटक प्रयोग गर्ने चित्रकार **हार्वे बलद्वारा यो दिवसको सुरुवात** गरिएको थियो

Aayog Tayari

## विश्व शिक्षक दिवस २०२३

**विश्व शिक्षक दिवस २०२३**

- **कहिले ? : अक्टुबर ५ , २०२३**
- हरेक बर्ष अक्टोबर ५ मा विश्व शिक्षक दिवस मनाइन्छ
- सन् २०२३ को नारा : **"The teachers we need for the education we want: The global imperative to reverse the teacher shortage"**
- यो दिवस UNESCO को पहलमा सन् १९९४ देखि मनाइदै आइएको छ

## विश्व अहिंसा दिवस २०२३

**विश्व अहिंसा दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : २ अक्टोबर २०२३**
- सन् **२००७ देखि** संयुक्त राष्ट्रसंघको अगुवाईमा हरेक बर्ष यो दिवस मनाउदै आइएको छ
- महात्मा गान्धीको जन्म जयन्तीको अवसरमा यो दिवस मनाउने गरिन्छ
- **महात्मा गान्धीको जन्म २ अक्टोबर १८६९** मा भएको थियो

## अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२३

**अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२३ मनाइएको छ**

**( International Day of Older Persons - 2023)**

- **कहिले ? : १ अक्टोबर २०२३**
- हरेक बर्षको अक्टोबर १ मा अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरिन्छ
- **२०२३ को नारा :**
  - **'सबै पुस्ताका लागि ज्येष्ठ नागरिकका लागि मानवअधिकारबारे विश्वव्यापी घोषणापत्रको वाचा पूरा गरौं**
  - **"Fulfilling the Promises of the Universal Declaration of Human Rights for Older Persons: Across Generations."**
- १४ डिसेम्बर १९९० मा, संयुक्त राष्ट्र महासभाले १ अक्टोबरलाई वृद्ध व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस तोकेको हो

## विश्व मुटु दिवस २०२३

**विश्व मुटु दिवस २०२३ मनाइएको छ**

Aayog Tayari

- **कहिले ? : २९ सेप्टेम्बर २०२३**
- **हरेक बर्षको सेप्टेम्बर २९ मा विश्व मुटु दिवस मनाइन्छ**
- **सन् २०२३ को नारा : 'Use Heart, Know Heart'**
- **सन् २०२२ को नारा : Cardiovascular Health for Everyone**
- सन २००० देखि सेप्टेम्बरको अन्तिम आईतवारलाई विश्व मुटु फेडेरेशन र विश्व स्वास्थ्य संगठनले विश्व मुटु दिवसका रुपमा मनाउन थाले पनि **सन् २०१९ देखि सेप्टेम्बर २९ लाई विश्व मुटु दिवसका रुपमा मनाउन लागिएको** हो ।

## विश्व रेबिज दिवस २०२३

**१७ औं विश्व रेबिज दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : २८ सेप्टेम्बर २०२३**
- **सन् २००७ देखि** हरेक बर्ष सेप्टेम्बर २८ मा विश्व रेबिज दिवस मनाउदै आइएको छ
- **सन् २०२३ को नारा : 'All for 1, One Health for all'**

## विश्व पर्यटन दिवस २०२३

**४४ औं विश्व पर्यटन दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : २७ सेप्टेम्बर २०२३**
- **२०२३ को नारा : *"Tourism and Green Investments"***
- सन् १९८० देखि यो दिवस मनाउन थालिएको हो ,
- यो दिवस United Nations World Tourism Organization (UNWTO) को सक्रियतामा मनाउने गरिन्छ !

## सामाजिक सेवा दिवस २०८०

**४४ औं सामाजिक सेवा दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० असौज ६ गते**
- हरेक बर्षको असौज ६ गते सामाजिक सेवा दिवस मनाउने गरिन्छ
- **२०८० को नारा : "दिगो विकास राष्ट्रिय प्रतिबद्धता, लक्ष्य प्राप्तिमा संघ संस्थाको सहभागिता"**
- **२०७९ को नारा : 'दिगो विकास र आवधिक लक्ष्य प्राप्ति राष्ट्रिय अभियान, समावेशी समाज निर्माणमा संघ संस्थाको योगदान÷**

Aayog Tayari

- **२०३४ सालमा समाज कल्याण परिषद् स्थापना भएको दिन पारेर यो दिवस मनाउने गरिन्छ ।**

## संविधान दिवस २०८०

**नवौं संविधान दिवस २०८० मनाइएको छ**

- कहिले ? : २०८० आश्विन ३
- हरेक बर्षको असौज ३ गते नेपालमा संविधान दिवस मनाइन्छ
- २०७२ असोज ३ गते संघीय गणतान्त्रिक मुलुकको नयाँ संविधान जारी भएको उपलक्ष्यमा यो दिवस मनाउने गरिन्छ

**नेपालको संविधानको संसोधन सम्बन्धि घटनाक्रमहरु :**

**संसदमा दोस्रो संसोधन प्रस्ताव दर्ता :**

- दर्ता मिति : **२०७७ जेठ ९ गते**
- कानुनमन्त्रि **शिवमाया तुम्बाहाम्फे द्वारा प्रतिनिधि सभामा प्रस्ताव दर्ता** गरिएको
- संविधानको **अनुसूची ३** मा रहेको निशान छाप संशोधन गर्न संविधान संशोधन प्रस्ताव दर्ता गरिएको हो ,
- नेपालको नयाँ राजनीतिक नक्सा प्रकाशित भए संगै निशान छापमा भएको नक्सा समेत परिवर्तन गर्नुपर्ने भएकोले संविधान संसोधन गर्नुपरेको हो,

**संसदमा संसोधन प्रस्ताव पेश :**

- २०७७ जेठ १८ गते प्रतिनिधि सभामा प्रस्ताव पेश भएको

**प्रतिनिधि सभाबाट पारीत :**

- पारित मिति : **२०७७ जेठ ३१** गते
- पक्षमा खसेको मत : २५८ मत

**राष्ट्रिय सभाबाट पारीत :**

- पारित मिति २०७७ असार ४ ,
- प्राप्त मत : सर्वसम्मत

Aayog Tayari

**प्रमाणीकरण भै लागु भएको मिति : *२०७७ असार ४***

**पहिलो संसोधन**

- यस अघि **२०७२ माघ ९** गते पहिलो संसोधन **संसदबाट पारीत** भएको थियो ,
- उक्त संसोधन **२०७२ फागुन १६** गते **प्रमाणीकरण भै लागु भएको** थियो
- पहिलो संसोधनले **धारा ४२ को उपधारा १** र **धारा २८६ को उपधारा १(५)** लाइ **संसोधन** गरेको थियो

## विश्व शान्ति दिवस २०२३

**विश्व शान्ति दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : २१ सेप्टेम्बर २०२२**
- हरेक बर्षको **सेप्टेम्बर २१** मा यो दिवस मनाउने गरिन्छ,
- **सन् २०२३ को नारा : "Actions for Peace: Our Ambition for the #Global Goals"**
- **सन् २०२२ को नारा : *"End racism. Build peace"***
- **सन् १९८१** देखि यो दिवस मनाउन थालिएको हो !
- विश्व शान्ति सूचकांक २०२३ अनुसार **नेपालको स्थान : ७९ औं** रहेको

## राष्ट्रिय शिक्षा दिवस २०८०

**राष्ट्रिय शिक्षा दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० असौज २**
- २०८० को नारा : **'समावेशी र सीपमूलक शिक्षा : स्वदेशमै युवा राष्ट्रको इच्छा÷**
- यस अघि अन्तराष्ट्रिय साक्षरता दिवसको दिन राष्ट्रिय शिक्षा दिवस मनाउदै आइएको थियो
- सरकारले २०८० जेठ ९ गते निर्णय गरी असौज २ मा शिक्षा दिवस मनाउने घोषणा गरेको थियो
- किन असोज २ ? : असोज २ नेपालमा सबै बालबालिकालाई **अनिवार्य र निःशुल्क शिक्षा दिनेसम्बन्धी ऐन पारित भएको दिन** हो
- नेपालमा तत्कालिन राजा विरेन्द्रले विक्रम सम्वत २०३९ साल फागुन १२ गतेको दिनमा प्राथमिक तहको शिक्षा निःशुल्क घोषणा गरेका दिन देखी हरेक वर्ष फागुन १२ गते राष्ट्रिय शिक्षा दिवस मनाइदै आएको थियो भने
- गणतन्त्रको घोषणा भएसँगै अन्तर्राष्ट्रिय शाक्षरता दिवसकै दिन (सेप्टेम्बर ८) मनाउन थालिएको थियो ।
- ***२०७७ देखि भने सरकारले राष्ट्रिय शिक्षा दिवस छुट्टै दिनमा मनाउने निर्णय*** गरे पनि दिन तोकेको थिएन,

Aayog Tayari

## राष्ट्रिय विज्ञान दिवस २०८०

**११ औं राष्ट्रिय विज्ञान दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० असौज १**
- **२०८० को नारा : 'विज्ञान साक्षरता र उद्यमशीलताः सबल अर्थतन्त्रको आधारशीला÷**
- **२०७९ को नारा :** 'विज्ञान र प्रविधिमा लगानी विस्तार,समुन्नती र समृद्धिको आधार÷
- **२०७० देखि** हरेक बर्षको आश्विन १ गते राष्ट्रिय विज्ञान दिवस मनाउन थालिएको हो ।
- **अमृत साइन्स क्याम्पसको स्थापना दिनको अवसर पारेर** २०७० सालदेखि विज्ञान दिवस हरेक वर्षको असोज १ गते मनाइँदै आइएको छ ।

## राष्ट्रिय चलचित्र दिवस २०८०

**राष्ट्रिय चलचित्र दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० असोज १**
- हरेक बर्षको असौज १ मा राष्ट्रिय चलचित्र दिवस मनाउने गरिन्छ
- नेपाल चलचित्र विकास बोर्डको पहलमा **२०६८ साल असोज १ गतेबाट मनाउन थालिएको**
- बोर्डका तत्कालिन अध्यक्ष गणेश भण्डारीको नेतृत्वले नेपालमा बनेको पहिलो चलचित्र ’आमा÷को २०२२ असोज २२ गते रिलिज मितिको सन्दर्भलाई जोड्दै असोज १ गतेलाई ’राष्ट्रिय चलचित्र दिवस÷ मनाउन सुरु गरेको

## ५९ औं राष्ट्रिय बाल दिवस २०८०

**५९ औं राष्ट्रिय बाल दिवस २०८० मनाइएको छ**

- **कहिले ? : २०८० भदौ २९**
- **२०८० को नारा : 'बालबालिकामा लगानी : सुनिश्चित भविश्यको थालनी'**
- २०७९ को नारा : 'बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी सरकार÷
- नेपालले सन् **१९९० को १४ सेप्टेम्बर अर्थात् २९ भदौ, ०४७ मा बालअधिकार महासन्धि १९८९ लाई अनुमोदन** गरेको थियो ।
- ०६३ सालदेखि त्यही मितिलाई आधार मानेर राष्ट्रिय बाल दिवस मनाउने गरिएको छ ।
- त्यसअघि नेपाल बाल संगठनको स्थापनालाई आधार मानेर ०२१ सालदेखि भाद्र ४ गते बालदिवस मनाउने गरिन्थ्यो ।

AayogTayari

## ५७ औं अन्तराष्ट्रिय साक्षरता दिवस २०२३

**५७ औं अन्तराष्ट्रिय साक्षरता दिवस २०२३ मनाइएको छ !**

- **कहिले ? : हरेक बर्ष सेप्टेम्बर ८**
- **२०२३ को राष्ट्रिय नारा : "दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि, साक्षरताको प्रवर्द्धन"**
- **२०२३ को अन्तराष्ट्रिय नारा : 'Promoting literacy for a world in transition: Building the foundation for sustainable and peaceful societies.'**
- नेपालमा तत्कालिन राजा विरेन्द्रले विक्रम सम्वत २०३९ साल फागुन १२ गतेको दिनमा प्राथमिक तहको शिक्षा निःशुल्क घोषणा गरेका दिन देखी हरेक वर्ष फागुन १२ गते राष्ट्रिय शिक्षा दिवस मनाइदै आएको थियो भने
- गणतन्त्रको घोषणा भएसँगै अन्तर्राष्ट्रिय शाक्षरता दिवसकै दिनमा मनाउन थालिएको थियो ।
- अब भने हरेक बर्ष असौज २ मा राष्ट्रिय शिक्षा दिवस मनाइने
- २०८० असौज २ मा मनाइने राष्ट्रिय शिक्षा दिवसको नारा : "समावेशी र सिपमूलक शिक्षा: स्वदेशमै युवा राष्ट्रको इच्छा "

## २० औं निजामति सेवा दिवस २०८०

२० औं निजामति सेवा दिवस २०८० मनाइएको छ

- कहिले ? : **२०८० भाद्र २२**
- हरेक बर्ष **भाद्र २२ मा निजामति सेवा दिवस** मनाउने गरिन्छ !
- २०८० को नारा : **व्यवसायिक र श्रिजनशील प्रशासन : विकास समृद्धि र सुशासन** *( २०७८ देखि ५ बर्षको निजामति सेवा दिवसको नारा यहि तय गरिएको छ )*
- निजामति सेवा दिवस २०६१ सालदेखि मनाउन थालिएको हो
- २०१३ भदौ २२ मा पहिलोपल्ट निजामति सेवा ऐन जारि भएको दिनको सम्झनामा हरेक बर्षको भाद्र २२ मा यो दिवस मनाउने गरिन्छ !
- दिवसको अवसर पारेर १० जना कर्मचारीलाइ उत्कृस्ट निजामति सेवा पुरस्कार र ३० जनालाइ निजामति सेवा पुरस्कार प्रदान गरिएको थियो ,
- सर्वोकृष्ठ निजामति सेवा पुरस्कार भने कसैलाई वितरण गरिएन।
- उत्कृस्ट निजामति सेवा पुरस्कार **१ लाख** र निजामति सेवा पुरस्कार **५० हजार** राशिको रहेको छ

## मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस २०८०

**१७ औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस २०२३**

Aayog Tayari

- **कहिले ? : २०८० भदौ २० गते**
- **वि.स. २०८० को नारा : 'सामाजिक न्याय र आर्थिक सशक्तिकरण : मानव बेचबिखनको निर्मूलन÷**
- **२०६४ साल देखि** हरेक बर्षको भदौ २० मा यो दिवस मानाउने गरिन्छ
- महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि सन् २००२ लाई २०६३ साल भदौको २० गते संसदबाट पारित भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ
- **मानव बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस हरेक बर्ष ३० जुलाई मा** मनाइन्छ

## १५ औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस

**१५ औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाइएको छ**

- कहिले ? : २०२३ सेप्टेम्बर २
- **हरेक बर्षको सेप्टेम्बर महिनाको पहिलो शनिवार** यो दिवस मनाउने गरिन्छ
- गिद्धको महत्व, लोप हुनुको कारण र संरक्षण सहभागिताबारे जनचेतना जगाउनका निम्ति यो दिवस मनाउने गरिन्छ

**नेपालमा गिद्धको अवस्था :**

- अवस्था : संख्या घट्दै गएको
- नेपालमा : ९ प्रजातिका गिद्ध पाइने
- विश्वमा : २३ प्रकारका गिद्ध पाइने
- नेपालमा पाइने गिद्धका प्रजातिमध्ये डङ्गर, सुन, सानो खैरो, हिमाली, हाडफोेर र सेतो गिद्ध यहाँका रैथाने प्रजातिका हुन् भने लामो ठुँडे, राज र खैरो गिद्ध हिउँदको समयमा आउने गर्दछन्

**पछिल्लो तथ्याङ्क अनुसार**

- नेपालमा हिमाली गिद्धको सङ्ख्या १० हजार
- डङ्गोर र सेता गिद्धको सङ्ख्या दुई हजार
- सुन गिद्ध र हाडखोर गिद्ध करिब पाँच/पाँच सयको
- सानो खैरो गिद्धको सङ्ख्या भने ५० देखि ७५ को हाराहारी छ ।

**थप :** वासस्थान सङ्कटमा पर्दै जानुका साथै गाईबस्तुलाई प्रयोग गरिने **डाइक्लोफेनेक** जस्ता औषधिको प्रयोगका कारण पनि गिद्ध सङ्कटापन्न अवस्थामा पुगेको मानिन्छ,

Aayog Tayari

औषधि व्यवस्था विभागले **डाइक्लोफेनेकलाई २०६३ साल जेठ २३ देखि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध** लगाएको छ

## राष्ट्रिय पुस्तकालय दिवस २०८०

**१६ औं राष्ट्रिय पुस्तकालय दिवस २०८० मनाइएको छ !**

- कहिले ? : **२०८० भाद्र १५**
- २०८० को नारा : **'पुस्तौं पुस्ताका लागि पुस्तकालय÷**
- २०७९ को नारा : ***'पढौं पढाऔं, निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं÷***
- हरेक बर्षको **भाद्र १५** मा राष्ट्रिय पुस्तकालय दिवस मनाउने गरिन्छ
- मनाउन थालिएको : ***२०६५ भाद्र १५ देखि***

ऐतिहासिक पृष्ठभूमि

- १८६९ साल भाद्र १५ गते **पुस्तक चिताई तहबिल नामक पहिलो पुस्तकालय स्थापना को लागि लालमोहोर लागेको दिन**को सम्झनामा २०६५ भाद्र १५ गते देखि हरेक बर्षको भाद्र १५ मा राष्ट्रिय पुस्तकालय दिवस मनाइदै आइएको छ !

## जबरजस्ती बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस २०२३

**जबरजस्ती बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस २०२३ मनाइएको छ**

- कहिले ? : **२०२३ अगस्त ३०**
- सन् २०११ बाट यो दिवस मनाउन थालिएको हो
- जबरजस्ती बेपत्ता पारिएको विश्वव्यापी अपराधबारे जनचेतना जगाउने उद्देश्यले हरेक बर्ष अगस्त ३० मा यो दिवस मनाइन्छ
- जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको संरक्षणको लागि अन्तर्राष्ट्रिय महासन्धि, जुन 2006 मा संयुक्त राष्ट्र महासभाले पारित गरेको थियो,
- 2007 मा राज्य सेनाद्वारा अपहरण गरिएका **फिलिपिनो मानवअधिकार कार्यकर्ता जोनास बर्गोस**को बलपूर्वक बेपत्ता पारिएको सम्झनामा अगस्त 30 को मिति चयन गरिएको थियो।

## आणविक परिक्षण विरुद्धको अन्तराष्ट्रिय दिवस २०२३

**आणविक परिक्षण विरुद्धको अन्तराष्ट्रिय दिवस २०२३ मनाइएको छ**

Aayog Tayari

- **कहिले ? : २९ अगस्त २०२३**
- **सन् २०१० बाट** हरेक बर्षको अगस्त २९ मा यो दिवस मनाउने गरिन्छ
- 29 अगस्त 1991 मा रुसमा रहेको सेमिपालाटिन्क आणविक परीक्षण साइट बन्द भएको सम्झनामा काजाकिस्तान गणतन्त्रको प्रस्तावमा संयुक्त राष्ट्रसंघले यो दिवस सुरु गरेको हो ।
- विश्वको पहिलो न्युक्लियर टेस्ट सन् **१९४५ जुलाई १६ मा अमेरिकाले** गरेको थियो, जसको नाम **ट्रिनिटी** राखिएको थियो

## ९१ औं तामाङ पहिचान दिवस २०८०

**९१ औं तामाङ पहिचान दिवस २०८० मानाइएको छ**

- **कहिले ? : २०८० भदौ ६ गते**
- हरेक बर्षको **भदौ ६** गते तामाङ दिवस मनाउने गरिन्छ
- भीम शमशेरले वि.सं. **१९८९ भदौ ६ गते** नेपाल सरहदभित्र विभिन्न नामले बोलाइने जातिलाई ’तामाङ÷ लेख्न—लेखाउन सनदपत्र जारी गरेको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ
- त्यसअघि तामाङहरुलाई **भोटे, लामा, मुर्मि** आदि भन्ने गरिन्थ्यो ।

## राष्ट्रिय सूचना दिवस २०८०

**१७ औं राष्ट्रिय राष्ट्रिय सूचना दिवस २०८० मनाइएको छ**

- कहिले ? : २०८० भाद्र ३
- नेपालको संविधानको धारा २७ बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भइ कार्यान्वयनमा आएको दिन भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिन्छ ।
- २०८० को नारा : सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार
- संयुक्त राष्ट्र संघले सेप्टेम्बर २८ लाई सूचनाको हक सम्बन्धि अन्तराष्ट्रिय दिवसको रुपमा मनाउने गर्दछ

## अन्तराष्ट्रिय युवा दिवस २०२३

**अन्तराष्ट्रिय युवा दिवस २०२३ मनाइएको छ**

- **कहिले ? : १२ अगस्त २०२३**
- हरेक बर्षको **अगस्त १२** मा मा अन्तराष्ट्रिय युवा दिवस मनाउने गरिन्छ
- २०२३ को नारा : **Green Skills for Youth: Towards a Sustainable World**
- **मनाउन थालिएको : सन् २००० देखि**



Aayog Tayari

- नेपालमा पहिलो पटक सन् २००४ देखि यो दिवस मनाउन थालिएको

## राष्ट्रिय भू-संरक्षण दिवस २०८०

राष्ट्रिय भू-संरक्षण दिवस २०८० मनाइएको छ

- कहिले ? : २०८० श्रावण २४
- २०८० को नारा : "जलवायु अनुकुलनको आधार, व्यवस्थित एकीकृत जलाधार"
- भू—क्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्न तथा पूर्वाधार संरक्षण गर्ने उद्देश्यले २०३१ साउन २४ गतेदेखि दिवस मनाउन थालिएको हो ।

## २९ औं अन्तराष्ट्रिय आदि.वासी दिवस २०२३

२९ औं अन्तर्राष्ट्रिय आदिवासी दिवस २०२३ मनाइएको छ

- कहिले ? : ९ अगस्त २०२३ (२४ श्रावण २०८०)
- हरेक बर्षको अगस्त ९ मा अन्तर्राष्ट्रिय आदिवासी दिवस मनाउने गरिन्छ
- यस बर्षको नारा : *'Indigenous Youth as Agents of Change for Self-determination'*
- *राष्ट्रिय नारा : 'पहिचान र अधिकार सुनिश्चितताको लागि आदिवासी जनजाति आन्दोलनमा सहभागी बनौं, परम्परागत ज्ञान सिपको प्रवर्द्धन गर्दै पुर्ख्यौंली भूमि, भाषा र संस्कृतिको संरक्षण गरौं*

### इतिहाँस

- संयुक्त राष्ट्रसंघको सोही कार्यदलको सन् १९९० को सुझावमा सन् १९९३ लाई संयुक्त राष्ट्रसंघले अन्तराष्ट्रिय आदिवासी वर्ष घोषणा गरयो।
- त्यसको अर्को बर्ष सन् १९९४ को अगस्त ९ मा पहिलोपल्ट विश्व आदिवासी दिवस मनाइएको थियो
- नेपालमा पनि सन् १९९४ देखिने विश्व आदिवासी दिवस मनाउदै आइएको छ
- संयुक्त राष्ट्रसंघले दुइवटा अन्तराष्ट्रिय दशकहरु (पहिलो सन् १९९५ देखि २००४ र दोस्रो २००५ देखि २०१४ सम्म) घोषण गरेको थियो ।
- त्यसैले पुनः संयुक्त राष्ट्रसंघकै आह्वानमा सन् २०१९ लाई विश्व आदिवासी भाषा वर्ष र सन् २०२२ देखि २०३२ सम्म अन्तराष्ट्रिय आदिवासी भाषा दशक मनाउने तयारी गरेको छ ।

## अन्तराष्ट्रिय मित्रता दिवस २०२३

AayogTayari

**अन्तराष्ट्रिय मित्रता दिवस २०२३ मनाइएको छ**

- कहिले ? : **३० जुलाई २०२३**
- **हरेक बर्षको जुलाई ३० मा** अन्तराष्ट्रिय मित्रता दिवस (International Day of Friendship) मनाउने गरिन्छ
- सन् २०२३ को नारा : "Sharing the Human Spirit through Friendship."
- अनौपचारिक रुपमा पाराग्वेबाट सन् १९५८ बाट मनाउन थालिएको थियो
- **सन् २०११** मा बसेको संयुक्त राष्ट्रसंघको महासभाले औपचारीक रुपमा जुलाई ३० मा अन्तराष्ट्रिय मित्रता दिवस मनाउने निर्णय गरेको थियो ।
- *केहि देशहरुले भने यो दिवस अगस्त महिनाको पहिलो आइतबार मनाउने गर्दछन*

## विश्व स्तनपान सप्ताह २०८० (२०२३)

**विश्व स्तनपान सप्ताह २०८० मनाइएको छ !**

- कहिले ? : **२०२३ अगस्त १-७ सम्म**
- २०२३ को नारा : **"स्तनपान गरौं , काम गरौं÷ (Let's make breastfeeding and work, work)**

**इतिहाँस :**

सन् १९९० मा इटलीमा सरकारी नीति निर्माताहरू, विश्व स्वास्थ्य संगठन, युनिसेफ र सरोकारवालालगायत अन्य संघसंस्थाका प्रतिनिधिहरूको एक भेला भयो । उक्त भेलाले 'इन्नोसेन्टी घोषणापत्र÷ जारी गर्‍यो । उक्त भेलामा विश्वव्यापी रूपमा स्तनपान प्रवर्द्धनका लागि अगस्त १ देखि ७ तारिखसम्म 'स्तनपान सप्ताह÷ मनाउने निर्णय गरेको थियो । यसैअनुसार सन् १९९२ मा विश्वव्यापी रूपमा 'स्तनपान सप्ताह÷ मनाउन थालिएको पाइन्छ ।

## बाँसुरी दिवस २०८०

**बाम्बुले राईहरुले सातौं बाँसुरी दिवस मनाएका छन्**

- कहिले ? : **२०८० श्रावण १५ गते**
- दिवस मनाउने समुदाय : **बाम्बुले राई**
- क्षेत्र : ओखलढुंगा, खोटाङ, उदयपुर, सिन्धुली जिल्ला
- **२०७४ सालदेखि** साउन १५ लाई औपचारिक रूपमा बाासुरी दिवस मनाउन थालिएको हो,

Aayog Tayari

- राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार वाम्बुले भाषा बोल्नेको संख्या १५ हजार २ सय ८५ जना रहेको छ ।

## मानव बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस २०२३

**World Day Against Trafficking in Persons (WDATIP)**

- **कहिले ? : २०२३ जुलाई ३०**
- हरेक बर्षको जुलाई ३० मा मानव बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस मनाउने गरिन्छ
- **सन् २०२३ को नारा : "Reach every victim of trafficking, leave no one behind"**
  **( 'बेचबिखनका हरेक पीडितसम्म पुगौं, कसैलाई न्यायबाट बञ्चित नगरौं÷)**
- सन् २०१३ देखि यो दिवस मनाउन थालिएको हो

## अन्तराष्ट्रिय बाघ दिवस २०२३

**अन्तराष्ट्रिय बाघ दिवस २०२२ मनाइएको छ**

- **कहिले ? : २०२३ जुलाई २९**
- यस बर्षको नारा
  - **राष्ट्रिय** : 'मानव-बाघ सहअस्तित्व÷
  - अन्तराष्ट्रिय : **कुनै नारा तय नगरिएको**
- **कहिले देखि मनाइएको ? : सन् २०११**
- विश्वमा बाघ पाइने देशहरु : **१३ वटा** (बंगलादेश , भियतनाम , कम्बोडिया, भारत, भुटान, थाइल्याण्ड , इण्डोनेसिया, लाओस, चिन, मलेसिया, रुस, नेपाल र म्यानमार )
- नेपालमा हाल बाघको संख्या : ३५५
- नेपालमा बाघ गणना **प्रत्येक ४/४ बर्षमा** गरिन्छ (पछिल्लो सन् २०२१-२२)
- बाघ सम्बन्धि अभियान : **Tx2 (टि इन्टु टु अभियान)**
- नेपालले सन् २०२२ सम्म बाघको संख्या **२५० पुर्याउने लक्ष्य** राखेको थियो

## विश्व हेपाटाइटिस दिवस २०२३

**विश्व हेपाटाइटिस दिवस २०२३ मनाइएको छ !**

- कहिले ? : **२०२३ जुलाई २८**
- हरेक बर्ष जुलाई २८ मा विश्व हेपाटाइटिस दिवस मनाइन्छ

Aayog Tayari

- सन् २०२३ को नारा : **One life, one liver**
- सन् २०२२ को नारा : **“I can’t wait”**
- हेपाटाइटिस B पत्ता लगाउने वैज्ञानिक Dr Baruch Blumberg को जन्मदिनको सम्झनामा यो दिवस जुलाई २८ मा मनाउने गरिन्छ ।

## अन्तराष्ट्रिय ओलम्पिक दिवस २०२३

**अन्तराष्ट्रिय ओलम्पिक दिवस २०२३ मनाइएको छ**

- कहिले ? : २०२३ जुन २३
- हरेक बर्षको जुन २३ मा यो दिवस मनाइन्छ
- सन् २०२३ को नारा : Let Ús Move
- सन् १८९४ जुन २३ मा ओलम्पिक कमिटिको गठन भएको दिनको सम्फनामा यो दिवस मनाउने गरिन्छ
- नेपाल सन् १९६४ को १८ औं ओलम्पिक देखि ओलम्पिकमा सहभागी भएको हो

## विश्व जनसंख्या दिवस २०२३

- कहिले ? : २०२३ जुलाई ११
- हरेक बर्षको जुलाई ११ मा विश्व जनसंख्या दिवस ( World Population Day) मनाउने गरिन्छ
- सन् २०२३ को नारा
  - राष्ट्रिय : लैंगिक समानतालाई बनाऔं अपरिहार्य रिवाज : सम्भावनाका ढोका खोल्न सुनौं महिलाका आवाज
  - अन्तराष्ट्रिय : Unleashing the power of gender equality: Uplifting the voices of women and girls to unlock our worldÚs infinite possibilities
- २०२२ नोभेम्बर १५ मा विश्वको जनसंख्या ८ अर्ब पुगेको थियो
- यस अघि इअतयदभच घझ, द्ण्ज्ञ्ञ मा विश्वको जनसंख्या ७ अर्व पुगेको थियो,
- यो दिवस सन् १९८९ बाट विश्वभर जनसंख्याका मुद्दाहरुलाई सम्बोधन गर्ने हेतुले हरेक बर्ष जुलाई ११ मा विश्व जनसंख्या दिवस मनाउन थालिएको हो

## संसद दिवस २०८०

**६५ औं संसद दिवस मनाइएको छ**

- कहिले ? : २०८० असार १६

Aayog Tayari

- हरेक वर्षको असार १६ मा संसद दिवस मनाइन्छ
- नेपालको संसदीय इतिहाँसमा वि स २०१६ असार १६ मा नेपालकै पहिलो संसदको बैठक बसेको दिनको सम्भनामायो दिवस मनाउने गरिन्छ ,

**अन्तर्राष्ट्रिय संसदीय दिवस (International Day of Parliamentarism)**

- कहिले ? : हरेक वर्षको जुन ३० मा ,
- सन् २०१८ बाट मनाउन थालिएको
- सन् १९८९ जुन ३० मा अन्तर–संसदीय युनियन (Inter Parliamentary Union) को स्थापना भएको दिनको सम्भनामा

## २० औं राष्ट्रिय धान दिवस २०८०

**२० औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०८० मनाइएको छ**

- कहिले ? : २०८० असार १५
- हरेक वर्षको असार १५ गते धान दिवस मनाउने गरिन्छ,
- २०८० को नारा : जलवायु अनुकूलित कृषकमैत्री प्रविधि : धान उत्पादनमा वृद्धि
- २०७९ को नारा :धान रोपौं, खाद्यान्नमा आत्मनिर्भर बनौं
- नेपालकोमनाङ र मुस्ताङ बाहेकका सबै जिल्लामा धान खेती हुँदै आएको छ।
- नेपालमा मौसमको आधारमाचैते, बर्खे, घैया र बोरो धानको खेती हुँदै आएको छ।
- नेपालले वि. सं२०६१ साल देखि असार १५लाई धान दिवसका रूपामा मनाउँदै आएको छ।
- विसं २०६१ मा विश्वका ४३ राष्ट्रले संयुक्त राष्ट्रसंघलाई अन्तर्राषिष्ट्रय धान वर्ष घोषणा गर्न अनुरोध गरेका थिए। राष्ट्रसंघले धान वर्ष घोषणा गरेपछि नेपालले पनि राष्ट्रिय धान दिवस मनाउने निर्णय गरेको थियो।
- विश्वमा सबै भन्दा धेरै धान उत्पादन गर्ने देश चिनहो भने  धान उत्पादनमा नेपाल– १८ औं स्थानमा पर्दछ

## मुक्त कमलरी दिवस २०८०

**१० औं मुक्त कमलरी दिवस २०८० मनाइएको छ**

- कहिले ? :२०८० असार १३
- हरेक वर्षको असार १३ मा मुक्त कमलरी दिवस मनाउने गरिन्छ
- कमलरी मुक्त घोषणा भएको दिन :२०७० असार १३
- दिवस मनाउन थालिएको :२०७१ साल देखि
- दाङको गोबरडिहास्थित खैरा गाउँबाट कमलरी मुक्ति आन्दोलन सुरु भएको मानिन्छ

AayogTayari

## अन्तर्राष्ट्रिय योग दिवस २०२३

- कहिले ? : २०२३ जुन २१
- हरेक बर्षको जुन २१ मा अन्तराष्ट्रिय योगा दिवस मनाइन्छ
- सन् २०२३ को नारा : "Yoga for Vasudhaiva Kutumbakam"
- सन् २०२२ को नारा : मानवताका लागि योग (Yoga for Humanity)
- संयुक्त राष्ट्र स को आह्वानमा सन् २०१५ देखि हरेक वर्षको जुन २१ तारिखमा विश्वभर योग दिवस मनाउन थालिएको हो।

**त्यस्तै राष्ट्रिय योग दिवस,**

- कहिले ? : हरेक बर्षको माघ १
- २०७९ को नारा : स्वस्थ जीवनको चाहना : योग, शिक्षा र साधना

## विश्व संगीत दिवस २०२३

- कहिले ? : २०२३ जुन २१
- हरेक बर्षको जुन २१ मा विश्व संगीत दिवस मनाइन्छ
- सन् २०२३ को लागि कुनै नारा तय गरिएको छैन
- सन् २०२२ को नारा :
  - राष्ट्रिय : योग र सङ्गीतको सङ्गम
  - अन्तराष्ट्रिय : Music on the intersections
- पहिलो पटक सन् १९८१ जुन २१ मा फ्रान्समा यो दिवस मनाइएको थियो।
- त्यसयता हरेक वर्षको जुन २१ तारिखमा एक सयभन्दा धेरै देशमा विश्व सङ्गीत दिवस मनाउन थालिएको हो।
- नेपालमा भने २०४५ सालदेखि दिवस मनाउन थालिएको हो।

## विश्व शरणार्थी दिवस २०२३

- कहिले ? : २०२३ जुन २०
- हरेक बर्षको जुन २० मा यो दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : "hope away from home"
- शरणार्थी सम्बन्धि घोशानापत्र सन् १९५१ जारी भएको ५० बर्ष पुगेको सन्दर्भमा द्ध म्भअभ्मदभच द्दण्ण मा बसेको संयुक्त राष्ट्र संघको महासभाले 2001 June 20 देखि विश्व शरणार्थी दिवस मनाउने निर्णय गरेको थियो ,

Aayog Tayari

- संयुक्त राष्ट्र संघका अनुसार प्रत्येक १ मिनेटमा २० जना व्यक्ति शरणार्थी हुनु पर्ने बाध्यता रहेको छ ,

## चुरे संरक्षण दिवस २०७९

**नवौं चुरे संरक्षण दिवस मनाइएको छ**

- कहिले ? : २०८० असार २
- राष्ट्रपति चुरे–तराई मधेस संरक्षण विकास समितिले आज स्थापनाको अवसरमा यो दिवस मनाउने गरिन्छ
- समितिको स्थापना २०७१ साल असार २ गते भएको थियो
- नेपालमा ३७ जिल्लामा चुरे फैलिएको छ ,
- चुरेले नेपालको क्षेत्रफलको १२.७८ % भूभाग ओगटेको छ

## विश्व रक्तदाता दिवस २०२३

**विश्व रक्तदाता दिवस २०२३ मनाइएको छ**

- कहिले ? : २०२३ जुन १४
- हरेक बर्षको जुन १४ मा विश्व रक्तदाता दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा :
  - राष्ट्रिय : नियमितरूपमा रगत तथा प्लाज्मा दान गरौं, जीवन बचाउने कार्यमा हातेमालो गरौं
  - अन्तराष्ट्रिय : Give blood, give plasma, share life, share often
- आजको दिनलाई रक्तदातालाई धन्यवाद दिने दिनका रूपमा पनि मनाउने गरिन्छ।
- Blood Group का पिता Karl Landsteiner को जन्मदिनको सम्झनामा सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो,
- नेपालका पहिलो रक्तदाता दयावीर कंसाकारलाइ मानिन्छ ,

## बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस २०२३

- कहिले ? : २०२३ जुन १२
- हरेक वर्षको जुन १२ मा बाल श्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइन्छ
- २०२३ को नारा : Social Justice for All
- नेपालले अधिकार सम्बन्धी महासन्धि १९८९, श्रमका लागि न्यूनतम उमेर निर्धारण सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन आईएलओ महासन्धि र निकृष्ट प्रकारको बाल श्रम उन्मूलन सम्बन्धी महासन्धि अनुमोदन गरेको छ

## विश्व खाद्य स्वच्छता दिवस : २०२३

**विश्व खाद्य स्वच्छता दिवस : २०२३ मनाइएको छ**

Aayog Tayari

- कहिले ? : २०२३ जुन ७
- हरेक बर्षको जुन ७ मा विश्व खाद्य स्वच्छता दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा :
  - राष्ट्रिय नारा : खाद्य पदार्थमा मापदण्ड, जीवन रक्षाको आधारस्तम्भ
  - अन्तराष्ट्रिय नारा : "Food standards save lives"
- सन् २०१८ डिसेम्बर २० तारिखका दिन संयुक्त राष्ट्र संघको महासभाले जुन ७ तारिखलाई विश्व खाद्य स्वच्छता दिवस मनाउने निर्णय गरे अनुसार हरेक वर्षको जुन ७ तारिखमा दिवस मनाउने गरिएको छ।

## विश्व वातावरण दिवस २०२३

**विश्व वातावरण दिवस २०२३ मनाइएको छ**

- कहिले ? : २०२३ जुन ५
- हरेक बर्षको जुन ५ मा विश्व वातावरण दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा :
  - राष्ट्रिय : प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौँ, वातावरणमैत्री विकल्पको उपयोग गरौँ
  - अन्तराष्ट्रिय : #BeatPlasticPollution
- नेपालले २०७२ सालदेखि नै ४० माइक्रोन भन्दा पातला प्लाष्टिकको प्रयोगमा रोक लगाएको छ।
- सन् १९७४ देखि हरेक वर्ष जुन ५ मा यो दिवस मनाइदै आएको छ

## जातीय भेदभाव तथा छुवाछुत उन्मूलनदिवस २०७९

- **जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवस २०७९ मनाइएको छ**
- दिवसको नाम :जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवस
- मनाइने दिन :हरेक वर्षको जेठ २१ गते
- नेपाललाई जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा :२०६३ जेठ २१
- राष्ट्रिय दलित आयोगको स्थापना :२०५८ साउन २३
- सन् २०२० मा राष्ट्र संघले गरेको सर्वेक्षण अनुसार ९७ प्रतिशत दलित जातीय विभेद र छुवाछुतबाट पीडित रहेका छन्।
- यस वर्षको जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवसको कुनै नारा तय गरिएको थिएन

## सुर्तीजन्य पदार्थरहित दिवस २०२३

**सुर्तीजन्य पदार्थरहित दिवस २०२३ मनाइएको छ**

- कहिले ? : २०२३ मे ३१
- हरेक बर्षको मे ३१ मा सुर्तीजन्य पदार्थरहित दिवस ( मनाइन्छ

Aayog Tayari

- सन् २०२३ को नारा : "Grow Food, Not Tobacco"
- नेपाल धुम्रपान गर्ने देशहरुको २२ औं स्थानमा पर्छ।
- नेपालले सुर्तीजन्य बस्तुको नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सन् २००६ नोभेम्बरमा अनुमोदन गरी सदस्य देश बनिसकेको छ
- यो दिवस सन् १९८८ देखि मनाउन थालिएको हो

## विश्व दूध दिवस २०२३

**२३ औं विश्व दूध दिवस २०२३ मनाइएको छ**

- कहिले ? : २०२३ जुन १
- हरेक बर्षको जुन १ मा विश्व दुध दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : दुग्ध क्षेत्रको दिगो विकास, आर्थिक समृद्धिको आधार
- संयुक्त राष्ट्रस को खाद्य तथा कृषि सङ्गठनले सन् २००१ जुन १ तारिखदेखि विश्व दूध दिवस मनाउन थालेको हो।
- नेपालले पनि सन् २०११ देखि विश्व दूध दिवस मनाउन थालेको हो।

## राष्ट्रिय महिला अधिकार दिवस २०८०

**राष्ट्रिय महिला अधिकार दिवस २०८० मनाइएको छ**

- कहिले ? : २०८० जेठ १६
- हरेक बर्षको जेठ १६ मा राष्ट्रिय महिला अधिकार दिवस मनाइन्छ
- वि.स. २०८० को नारा : महिला हक अधिकार : सबैको साझा सरोकार
- २०६३ साल जेठ १६ गते तत्कालीन पुनःस्थापित प्रतिनिधि सभाले नेपाली महिलाका अधिकारसम्बन्धी महत्त्वपूर्ण चारवटा विशेष प्रस्तावन्न पारित गरेको दिनलाई स्मरण गरी हरेक वर्ष जेठ १६ गते राष्ट्रिय महिला अधिकार दिवस मनाउन थालिएको हो।
- नेपालको संविधान–२०७२ ले महिलालाई राज्यका हरेक निकायमा ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ।

## सगरमाथा दिवस २०२३

**१६ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइएको छ**

- कहिले ? : २९ मे २०२३
- हरेक वर्ष मे २९ मा अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइन्छ
- सन् २०२३ को नारा : "Climbing Responsibly, Celebrating Sustainability"

Aayog Tayari

- सन् १९५३ मे २९ का दिन तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीले सगरमाथाको शिखर चुम्न सफल भएको सम्झनामा सन् २००८ देखि अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउन थालिएको हो।
- सन् २०२२ सम्ममा ७ हजार २ सय ५१ जनाले सगरमाथा आरोहण गरेका छन्
- सरकारले आरोहणका लागि हालसम्म ४१४ वटा हिमाल खुला गरेको छ।

## नेपाल परराष्ट्र सेवा दिवस २०८०

**दोस्रो नेपाल परराष्ट्र सेवा दिवस मनाइएको छ**

- कहिले ? : २०८० जेठ १०
- हरेक बर्षको जेठ १० मा नेपाल परराष्ट्र सेवा दिवस मनाइन्छ
- नेपाल वैदेशिक सेवा (गठन र श्रेणी विभाजन) नियमहरु, २०१८ को तर्जुमा भई नेपाल राजपत्रमा प्रकाशित भएको दिन वि.सं. २०१८ जेठ १० गतेको संस्मरणमा परराष्ट्र मन्त्रालयले यो दिवस मनाएको हो ,
- यो दिवस २०७९ जेठ १० मा पहिलोपल्ट मनाइएको थियो

## अन्तराष्ट्रिय जैविक विविधता दिवस २०२३

**अन्तराष्ट्रिय जैविक विविधता दिवस २०२३ मनाइएको छ**

- कहिले ? : २०२३ मे २२ (२०८० जेठ ८)
- हरेक बर्षको मे २२ मा अन्तराष्ट्रिय जैविक विविधता दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : "From Agreement to ActionM Building Back Biodiversity.
- सन् २०२२ को नारा : "Building a shared future for all life" राखिएको थियो

**पृष्ठभूमि :**

- सन् १९९२ मे २२ माब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धी अगाडि बढाउने निर्णय गरेको थियो ।
- पहिलो अन्तराष्ट्रिय जैविक विविधता दिव 1993, 29 December (जैविक विविधता महासन्धि कार्यान्वनमा आएको दिन ) मा मनाइएको हो
- नेपाल २१ फेब्रुअरी १९९४ मा यो महासन्धिको पक्ष राष्ट्र भएको थियो [
- सन् २००० बाट भने यो दिवस हरेक बर्षको मे २२ मा मनाउन थालिएको हो

## विश्व दुरसंचार दिवस २०२३

**विश्व दुरसंचार दिवस २०२३ मनाइएको छ**

- कहिले ? : १७ मे २०२३

Aayog Tayari

- हरेक बर्षको मे १७ मा विश्व दुरसंचार दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : “Empowering the least developed Countries through Information and Communication Technologies”
- यो दिवस सन् १९६९ देखि मनाउन थालिएको हो

## अन्तराष्ट्रिय परिवार दिवस २०२३

- हरेक बर्षको May 15 मा अन्तराष्ट्रिय परिवार दिवस मनाइन्छ
- सन् २०२३ को नारा : Demographic Trends and Families
- संयुक्त राष्ट्र संघले सन् १९९३ मा यो दिवस मनाउने निर्णय गरेको थियो सन् १९९५ मे १५ बाट यो दिवस मनाउन थालिएको हो ,

## विश्व नर्स दिवस २०२३

**विश्व नर्स दिवस २०२३ मनाइएको छ**

- हरेक बर्षको May 12 मा विश्व नर्स दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा Our Nurses Our Future राखिएको थियो
- Lady With The Lamp उपनामले चिनिने Florence Nightingale ( लोरेन्स नाईटिन्गेल) को जन्मदिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ
- उनको जन्म १८२० मे १२ मा इटालीको लोरेन्स शहरमा भएको थियो (लोकसेवाले सोधेको)
- यो दिवस सन् 1965 देखि International Council of Nurses-ICN को पहलमा मनाउन थालिएको हो

## कानुन दिवस २०८०

**कानुन दिवस २०८० मनाइएको छ**

- नेपालमा हरेक बर्ष बैशाख २६ मा कानुन दिवस मनाइन्छ ,
- कानुन दिवस २०३१ सालदेखि मनाउन थालिएको हो ,
- नेपाल प्रधानन्यायालय ऐन, २००८ विक्रम संवत् २००९ वैशाख २६ गते लागू भएको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ को दिनलाई कानुन दिवसका रूपमा मनाउने गरिन्छ

## विश्व रेडक्रस दिवस २०२३

**विश्व रेडक्रस दिवस २०२३ मनाइएको छ**

- विश्व रेडक्रस दिवस हरेक बर्षको May 8 मा मनाउने गरिन्छ,
- सन् २०२३ को नारा : Everything we do comes from the heart
- यो दिवस रेडक्रसका जन्मदाता हेनरी ड्युनाको जन्मदिनको सम्झनामा मनाइन्छ ,

Aayog Tayari

- हेनरी ड्युनाको जन्म 8 May 1828 मा भएको थियो भने मृत्यु 30 October 1910 मा भएको थियो ,
- पहिलो रेडक्रस दिवस मे ८, १९४८ मा मनाइएको थियो।

## विश्व प्रेस स्वतन्त्रता दिवस २०२३

### विश्व प्रेस स्वतन्त्रता दिवस २०२३ मनाइएको छ

- कहिले ? : २०२३ मे ३
- हरेक बर्षको मे ३ मा यो दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : "भविष्यको अधिकार सुनिश्चितता : मानव अधिकारको संवाहक अभिव्यक्ति स्वतन्त्रता"
- युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक शहरमा भएको पत्रकारको सम्मेलनले बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र जारी गरेको थियो।
- त्यसैको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रस ले यो दिवस मनाउने निर्णय गरेको हो।

## राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८०

### छैठौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८० मनाइएको छ

- कहिले ? : २०८० बैशाख १९
- हरेक बर्षको बैशाख १९ मा राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाउने गरिन्छ
- २०८० को नारा : सुरक्षित सूचना प्रविधि, सुशासन र समृद्धि
- वि स २०७५ सालदेखि यो दिवस मनाउन थालिएको हो,
- नेपालमा कम्प्युटर एसोसिएशन नेपाल (क्यान) स्थापना भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ

## १३४ औं अन्तराष्ट्रिय श्रमिक दिवस २०२३

### अन्तराष्ट्रिय श्रमिक दिवस २०२३ मनाइएको छ

- हरेक बर्ष May 1 मा अन्तराष्ट्रिय श्रमिक दिवस मनाइन्छ ,
- यो १३४ औं श्रमिक दिवस हो ,
- नेपालमा सन् २००७ देखि यो दिवस मनाउन थालिएको हो ,
- सन् १९८६ मा अमेरिकाबाट सुरु भएको यो अभियानलाइ सन् १९९० देखि दिवसको रुपमा मनाउन थालिएको हो,

## प्रथम लेखक दिवस २०८०

### प्रथम लेखक दिवस २०८० मनाइएको छ

- कहिले ? : २०८० बैशाख १६

Aayog Tayari

- ❖ पहल गर्ने निकाय : नेपाली लेखक संघ
- ❖ नेपाली लेखक संघले लाइब्रेरी पर्वको घटेको दिन पारेर हरेक बर्ष बैशाख १६ लाई लेखक दिवसको रुपमा मनाउने निर्णय गरेको हो

**लाइब्रेरी पर्व**

- ❖ १९८७ बैशाख १६ गते : सरस्वती गुठी नामक सामाजिक संस्था स्थापना गरी त्यसमार्फत पुस्तकालय सञ्चालन गर्ने उद्देश्यले ४५ जना कवि तथा लेखक एवं बुद्धिजीवीले हस्ताक्षर गरी श्री ३ भीम शमशेर समक्ष निवेदन पेस गर्दा श्री ३ महाराजले निवेदनमा हस्ताक्षर गर्ने सबै युवालाई दरबारमा बोलाउन लगाई दण्डित गरेको दिन
- ❖ यस दिनलाई नेपालको इतिहासमा पुस्तकालय पर्वका रूपमा पनि चिनिन्छ।

## सीता उत्पत्ति दिवस २०८०

**यो बर्षको सीता उत्पत्ति दिवस मनाइएको छ**

- ❖ कहिले ? : २०८० बैशाख १६
- ❖ यो दिवस प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन मनाइन्छ
- ❖ त्रेता युगमा मिथिलाका राजा जनकले वैशाख शुक्ल नवमीका दिन ठूलो यज्ञ गर्दा विधिपूर्वक खेत जोत्ने क्रममा सीता उत्पत्ति भएको कथा रामायणलगायत वैदिक दर्शनका धर्मग्रन्थ एवं पुराणमा वर्णन गरिएको छ।

## राष्ट्रिय चिया दिवस २०८०

**२७ औं राष्ट्रिय चिया दिवस २०८० मनाइएको छ**

- ❖ कहिले ? : २०८० बैशाख १५ गते
- ❖ २०८० को नारा : गुणस्तर निर्यात र आर्थिक उपार्जन बढाऔं, चिया क्षेत्रलाई राष्ट्रको समृद्धिसँग जोडौं ॰
- ❖ नेपालमा विशेषतः ३ प्रजातिको चिया खेती गरिन्छ। आसामी (Camelia asamica ) र कम्बोडियाली (Camelia asamica spp lasiocalyx) प्रजातिको चिया सिटिसी चिया उत्पादनको लागि प्रयोग हुन्छ भने चिनिया प्रजातिको चिया (Camellia sinesis) मुख्यतया अर्थोडक्स चियाको उत्पादनमा प्रयोग हुन्छ।

  वि.सं. १९२०मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले चीन भ्रमणबाट फर्कँदा चिनिया जातको चियाको बीउ उपहार स्वरूप तत्कालीन चिनिया सम्राटबाट लिई नेपालमा भित्र्याएका थिए भनिन्छ।
- ❖ सो चियाको बीउ रोप्ने आदेश इलामका तत्कालीन बडाहाकिम तथा जङ्गबहादुरका ज्वाइँ गजराज सिंह थापालाई भएपछि वि.सं.१९२० मा इलाम चिया कमान र त्यसको दुई वर्षपछि झापाको फाँटमा सोक्तिम चिया कमानको स्थापनाबाट नेपालमा चिया खेतीको शुरूवात भएको देखिन्छ।

Aayog Tayari

- वि.सं. २०१६ सालमा झापा जिल्लाको रङ्गियाडाँडामा बुधकरण चिया बगानको नाममा निजी स्तरको पहिलो चिया बगान स्थापना भयो।
- त्यस्तै, सरकारी स्तरमा पनि वि.सं. २०२३ असोज २३ गते नेपाल चिया विकास निगमको स्थापना भयो।
- २०३९ सालमा तत्कालिन राजा वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालमा नेपाल सरकारले पूर्वाञ्चलका ५ वटा जिल्ला (झापा, धनकुटा, तेह्रथुम, पाँचथर र इलाम)लाई चियाक्षेत्र घोषणा गरेको हो ।

## पृथ्वी दिवस २०२३

**पृथ्वी दिवस २०२३ मनाइएको छ**

- कहिले ? : २२ अप्रिल २०२३
- हरेक बर्षको अप्रिल २२ मा पृथ्वी दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : Invest in Our Planet."
- सन् १९७० मा अमेरिकाबाट यो दिवस मनाउन सुरु गरिएपनि सन् २००९ मा राष्ट्रसंघको ६३औँ महासभाले अप्रिल २२ तारिखलाई विश्वभर पृथ्वी दिवसका रूपमा मनाउने निर्णय गरेअनुसार अहिले यो दिवस विश्वभर मनाइन्छ।

Aayog Tayari